रुपनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

☎ 031-450035

रुपनी, सप्तरी
प्रदेश नं. २, नेपाल

प.सं.: – २०७७/०७८

मिति: – २०७७/०४/१६

च.नं.: –

**बिषय: प्रेश विज्ञप्ती ।**

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस (COVID-19) को संक्रमण दिनानुदिन बढिरहेको र यस गाउँपालिका क्षेत्र भित्र समेत सामुदायिक स्तरमा अझ फैलन सक्ने अवस्थालाई मध्यनजर गर्दै उच्च जोखिम न्युनीकरणका लागि आम गाउँपालिकावासीहरुलाई संक्रमण हुनबाट जोगाउन गाउँपालिका वासीको चाहना बमोजिम यस गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह हुने अति आवश्यक सेवा बाहेक अन्य सार्वजनिक सेवाहरु मिति २०७७/०४/१८ गते आइतवार देखि अर्को सूचना प्रकाशित नहुन्जेल सम्म वन्द गरिएको व्यहोरा जानकारी गराईन्छ ।

साथै मिति २०७७ श्रावण १८ गते आइतवार देखि अर्को सूचना जारी नहुन्जेल सम्म रुपनी गाउँपालिका क्षेत्र भित्र पुर्ण रुपमा लकडाउन गर्ने यसै विज्ञप्ती मार्फत जानकारी गराइन्छ । उक्त लकडाउन अवधिमा अत्यावश्यक सेवाहरु वाहेक सम्पूर्ण हाट बजार, पसल तथा व्यवसायहरु पूर्ण रुपले बन्द गरी लकडाउनको पुर्ण पालना गरी दिनु हुन सम्पूर्ण गाउँपालिकावासीहरुमा हार्दिक अनुरोध गर्दछौ। लकडाउनको पुर्ण पालना गर्न अनावश्यक रुपमा घर बाहिर ननिस्कन, अत्यावश्यक कामका लागि निस्कन परे मास्कको अनिवार्य प्रयोग गर्नु हुन, सामाजिक दुरी कायम गर्नु हुन सम्पूर्ण गाउँवासीमा गाउँपालिका हार्दिक अपिल गर्दछ। साथै COVID 19 विरुद्धको लडाइमा आम जनसमुदायवासीहरु, बुद्धिजीवी, समाजसेवी, सुरक्षाकर्मी, युवावर्ग तथा राजनीतिकर्मी समेतको पूर्ण सहयोगको अपेक्षा गर्दछौ ।

२०७७।४।१६

..............................

हरेराम यादव

गाउँपालिका अध्यक्ष

हरेराम यादव
अध्यक्ष